स्थानीय सरकार

# कागेश्वरी मनोहरा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८६
०१-४४५०३५६


प.सं. :०८३/८४
च.नं. :

## प्रेस विज्ञप्ति

आ.ब.०८३।८४ को मिति २०८३।५।१६ मा सम्पन्न कागेश्वरी मनोहरा नगरपालिका, नगरकार्यपालिकाको दोश्रो बैठकमा भएको निर्णय देहाय अनुसार भएको व्यहोरा सम्पुर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

**निर्णय नं. १**

मिति २०८३।०५।१० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीको प्रकोपमा परी दिवंगत हुनु भएका रसुवा, नुवाकोट र धादिङ्गका वासिन्दा र अन्य क्षेत्रबाट जानु भएका स्वदेशी तथा विदेशी पाहुनाहरू प्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दै उक्त शोकमा परिवारजनमा हार्दिक समवेदना प्रकट गर्ने र यस दुःखद् घडीमा घाईते तथा पिडितहरूलाई आर्थिक सहयोग पुऱ्याउन कागेश्वरी मनोहरा नगरपालिकामा रहेका जनप्रतिनिधिहरूको तर्फबाट नगर प्रमुख, नगर उपप्रमुख, वडाअध्यक्षहरुवाट १ महिना वरावर र अन्य जनप्रतिनिधीहरुवाट ७ दिन वरावरको सेवा सुविधा रकम र नगरपालिका र अन्तर्गतका (नगर अस्पतालका समेत) का स्थायी,अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारी एंव सामुदायिक विद्यालयमा कार्यरत शिक्षक एंव कर्मचारीहरू समेतको तर्फबाट २ देखि ७ दिन सम्मको पारिश्रमिक सहित र विपद् व्यवस्थापन कोषबाट समेत थप गरी जम्मा रु. **७५ लाख ५५ हजार ५ सय ७५** रुपैयाँ रकम नेपाल सरकार प्रधानमन्त्री दैवी प्रकोष उद्धार कोषमा कागेश्वरी मनोहरा नगरपालिकाको तर्फवाट सहयोग जम्मा गर्ने।

**निर्णय नं. २**

मिति २०८३।०४।२० गते डाँछी भद्रवास शहरी खानेपानी सञ्चालनको लागि विद्युत् लाईन विस्तार समस्या समाधान गर्न कागेश्वरी मनोहरा नगरपालिकाका नगर प्रमुख श्री उपेन्द्र कार्कीको अध्यक्षतामा डाँछी भद्रवास शहरी खानेपानी उपभोक्ता समिति र खानेपानी प्रयोग गर्ने उपभोक्ता बिच भएको भएको देहाय अनुसारको निर्णयलाई (सहमति) अनुमोदन गर्ने।

क. कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ४ चलन्टारमा रहेको डाँछी-भद्रवास शहरी खानेपानी आंयोजनाले वडावासीलाई खानेपानी वितरण गर्न निर्माण गरिएको खानेपानी ट्याङ्की संचालन गर्न थ्रिफेज विद्युत आपूर्तिको व्यवस्था नभएकोले सोको लागि पिकक पार्टी प्यालेसबाट रिजालटार हुँदै पानी ट्याङ्की सम्म जाने सडकमा थ्रिफेज लाइन विस्तार गर्दा स्थानीय प्रभाविक जनसमुदायलाई घर निर्माण स्विकृती (नक्सापास), सडक विस्तार, वित्तीय कारोबार लगायतमा असर नपर्ने गरी थ्रिफेज लाईन विस्तार गर्ने।

ख. थ्रिफेज लाइन ईन्सुलेटेड केवलको प्रयोग गरी बिच सडकबाट विस्तार गर्ने।

स्थानीय सरकार
कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. :०८३/८४
च.नं. :

फोन नं.: ०१-४४५१२४२
०१-४४५०९८८
०१-४४५०३५६

ग. थ्रिफेज लाइन विस्तारको क्रममा स्थानीय वासिन्दालाई कुनै समस्या उत्पन्न भएमा सो समस्या नगरपालिकाले निराकरण गर्ने।

घ. रिजालटार वस्तीमा हाल संचालनमा रहेको अव्यस्थित र लथालिङ्ग रहेको विजुलीको पुरानो तारलाई हटाई नयाँ लाइनबाट उक्त वस्तीमा विद्युत सेवा विस्तार गर्ने।

ङ. आजको यो बैठकबाट माथि उल्लेखित गरिएका निर्णयलाई कागेश्वरी मनोहरा नगरपालिकाको कार्यपालिका बैठकबाट अनुमोदन गरी निर्णयको स्वामित्व लिन नगरपालिकालाई अनुरोध गर्ने।

निर्णय नं. ३

सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७८, अनुसार, यस नगरपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्था तथा अस्पताललाई MA (Medical Abortion) १० हप्ता सम्मको र First Trimester Abortion Service, CAC (Comprehensive Abortion Care) MVA १२ हप्ता सम्मको सुरक्षित गर्भपतनको सेवा सुचारु गर्न स्वीकृति प्रदान गर्ने र देहायका स्वास्थ्यकर्मीहरुलाई MA का लागि सूचिकृत गर्ने ।

१. Medical Abortion (१० हप्ता सम्मको)
   - आलापोट स्वास्थ्य चौकी
   - डाँछी स्वास्थ्य चौकी
   - गोठाटार स्वास्थ्य चौकी

२. First Primester Abortion Secruice MUA, CAC, संस्था
   - कागेश्वरी मनोहरा नगर अस्पताल, मुलपानी

३. FTAS, MVA, CAC सूचीकृत गर्नु पर्ने डाक्टरहरूः-
   - डा. रन्जु सिँह
   - डा. सुप्रिया पाण्डे

४. Medical Abortion (MA) सूचीकृत गर्नुपर्ने स्वास्थ्यकर्मीहरू
   - अप्सरा खड्का
   - सरिता कटुवाल
   - जानुका मोक्तान
   - सबिता परियार
   - चण्डिका कार्की
   - सपना कुमारी महरा

स्थानीय सरकार
# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. : ०८३/८४
च.नं. :

फोन नं.: ०१-४४५१२४२
०१-४४५०१८६
०१-४४५०३५६

- मैया खरेल
- अस्मिता पराजुली

निर्णय नं. ४

कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ ले बालश्रम मुक्त वडा घोषणा कार्यविधि, २०७७ को परिच्छेद-३ को दफा (५) का सम्पूर्ण सूचक पुरा गरी सम्बन्धित कार्यको अभिलेख सहित बालश्रम मुक्त वडा घोषणाका लागि निर्णयार्थ पेश भएको हुँदा कार्यविधि बमोजिम उप-प्रमुख ज्यूको अध्यक्षतामा रहेको नगर बाल अधिकार समितिले उक्त सूचकहरू पुरा भए/नभएको अनुगमन गरी पेश भएको प्रतिवेदनका आधारमा वडा नं. ७ लाई बालश्रम मुक्त वडा घोषणा गर्ने।

(हरिभक्त पुडासैनी)
नगर प्रवक्ता

२०८३ साल भाद्र १६ गते मंगलवार
११४६ गुंलागा चतुर्थी